# नेपाल राष्ट्र बैंक
# विदेशी विनिमय व्यवस्थापन विभागको

## विदेशी लगानीका परियोजनाहरुमा विदेशमा खर्च भएको रकम पूँजीकृत गरी वैदेशिक लगानीको रुपमा गणना गर्ने व्यवस्था सम्बन्धी सूचना

विदेशी लगानी समेतमा विकास गरिने परियोजनाहरुको हकमा नेपाल सरकार, लगानी बोर्डबाट राष्ट्रिय गौरवको आयोजना भनी तोकिएको वा लगानी बोर्डबाट स्वीकृत भएका विदेशी लगानीमा देशभित्र सञ्चालन हुने परियोजनाहरुमा सम्भाव्यता अध्ययन, भौगर्भिक अन्वेषण, सर्भे र डिजाइनका लागि विदेशी लगानीकर्ताकै देशमा खर्च भएको रकम तपसील वमोजिमका सम्पूर्ण शर्तहरु पूरा गरी निवेदन गरेको अवस्थामा पूँजीकृत गरी वैदेशिक लगानीको रुपमा गणना गर्न दिन सकिने व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना भनी तोकेका वा लगानी बोर्डबाट स्वीकृत भएका आयोजना हुनु पर्ने ।

२. नेपाल सरकारको सम्बन्धित निकायबाट विदेशी लगानी स्वीकृत भएको हुनुपर्ने ।

३. परियोजनामा माथी उल्लिखित खर्च पूँजिकृत गरी लगानी लेखाँकन र Capital Repatriatation गर्नु पर्दा परियोजना सञ्चालनमा आईसकेको हुनुपर्ने ।

४. स्थानिय लेखापरीक्षक सहितको अन्तरराष्ट्रिय मान्यता प्राप्त लेखापरीक्षकबाट विशेष लेखापरीक्षण भई सम्वन्धि मुलुकको महालेखापरीक्षक (Auditor General) बाट मान्यता/ स्वीकृत/अनुमोदन भएको हुनुपर्ने ।

५. संयुक्त उपक्रम (Joint Venture) का परियोजना भएमा सो संयुक्त उपक्रमको स्थानीय साझेदार (Local partner) को संचालक समितिबाट र संयुक्त उपक्रम नभएमा परियोजना विकासकर्ताको सबैभन्दा उच्च तह (Top Level Management) बाट त्यस्तो खर्च अनुमोदन गरी विदेशी लगानीको रुपमा गणना गर्न सिफारिस भएको हुनुपर्ने ।

६. विदेशी लगानीको रुपमा गणना गर्न सिफारिस गर्ने प्रयोजनका लागि चुक्ता पूँजीको के कति हदसम्म आयोजना विकासकर्ताले कम्पनी दर्ता हुनु अगावै उल्लिखित प्रयोजनका लागि सम्बन्धित मुलुकमा खर्च गर्न सक्ने हुन् भन्ने विषय लगायतका स्पष्ट मापदण्ड सहितको नीतिगत व्यवस्था लगानी स्वीकृत गर्ने सम्बन्धित निकायले निर्धारण गरेको हुनुपर्ने ।

७. नेपाल सरकारको विदेशी लगानी स्वीकृत गर्ने सम्बन्धित निकायबाट आफुले निर्धारण गरेको नीतिगत व्यवस्था वमोजिम मूल्याकंन गरी परियोजनामा उल्लिखित प्रयोजनमा भएको खर्च रकम औचित्यपूर्ण रहेको यकीन गरी विदेशी लगानीको रुपमा गणना गर्दा विदेशी विनिमयको अपचलन नहुने व्यहोरा सहित यस बैकलाई स्पष्ट रुपमा सिफारिस गरेको हुनुपर्ने ।

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

NRB Website प्रकाशन मिति : २०७४।२।७